# राष्ट्रिय खेल अधिकार संगठन नेपाल

**Association on Rights to Play Nepal**
**(2026)**

काठमाडौं, २४ चैत २०८२

## प्रेस विज्ञप्ति

### बालबालिकाको खेल्न पाउने अधिकार सुनिश्चित गर्न "राष्ट्रिय खेल अधिकार संगठन नेपाल" गठन

नेपालमा बालबालिकाको खेल्न पाउने अधिकार को संरक्षण, प्रवर्द्धन तथा संस्थागत सुनिश्चितताका लागि "राष्ट्रिय खेल अधिकार संगठन नेपाल (Association on Rights to Play Nepal)" गठन गरिएको छ । बालअधिकारका क्षेत्रमा क्रियाशील चाइल्ड नेपालको नेतृत्वमा आज आयोजित एक भर्चुअल कार्यक्रम मार्फत यस राष्ट्रिय संगठनको औपचारिक घोषणा गरिएको हो ।

नवगठित संगठनको उद्देश्य बालबालिकाको खेल्न पाउने अधिकारलाई नेपाल सरकारको नीति, योजना, कार्यक्रम तथा बजेटमा प्राथमिकताका साथ समावेश गराउन पैरवी गर्नु, सुरक्षित तथा समावेशी खेल वातावरण निर्माणका लागि सरोकारवालाहरूसँग सहकार्य गर्नु, तथा बालबालिकाको समग्र विकासमा खेलको महत्वलाई राष्ट्रिय बहसको विषय बनाउनु हो । कार्यक्रममार्फत संगठनको नेतृत्वमा नौ सदस्यीय कार्यसमिति गठन गरिएको छ । संगठनको संस्थापक अध्यक्ष मा चाइल्ड नेपालका कार्यकारी निर्देशक श्री मोहन दँगाल चयन हुनुभएको छ भने सचिवमा चेन्ज एक्सन नेपालका कार्यकारी निर्देशक श्री इन्दिरा घले चयन हुनुभएको छ । संस्थापक सदस्य संस्थाहरुमा संरक्षण नेपाल, युनाइटेड कम्युनिटि नेपाल, दृष्टिविहिन क्रिकेट संघ, खेतान स्पोर्ट फाउन्डेसन, दिशा फाउन्डेसन, भ्वइस अफ चिल्ड्रेन र रोयम नेपाल रहेका छन् ।

संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि (UNCRC) को धारा ३१ ले प्रत्येक बालबालिकालाई खेल, विश्राम, मनोरञ्जन तथा सांस्कृतिक गतिविधिमा सहभागी हुने अधिकार सुनिश्चित गरेको छ । तर नेपालमा खुला खेलमैदानको अभाव, शहरीकरण, शैक्षिक दबाब, डिजिटल निर्भरता, तथा कमजोर नीतिगत प्राथमिकताका कारण बालबालिकाको खेल्न पाउने अधिकार संकुचित हुँदै गएको अवस्था छ । संगठनले सबै तहका सरकारहरु, विकास साझेदार, नागरिक समाज, सञ्चारमाध्यम तथा सम्बन्धित सरोकार निकायहरुसँग बालबालिकाको खेल्न पाउने अधिकारलाई नीतिगत मान्यता, बजेटमा प्राथमिकता, र व्यवहारिक कार्यान्वयन मार्फत सुनिश्चित गर्न अपिल गरेको छ ।

**श्री मोहन दँगाल**
संस्थापक अध्यक्ष

**श्री इन्दिरा घले**
संस्थापक सचिव